आज मिति २०८३ साल जेष्ठ १५ गते शुक्रबारका दिन जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुन ज्यूको अध्यक्षतामा दोस्रो नगर कार्यपालिकाको ६० औं बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| क स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नर बहादुर पुन | |
| २ | नगर उपप्रमुख | श्री हरिहर शर्मा | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री विष्णु प्रसाद आचार्य | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री प्रेम सापकोटा | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री कृष्ण बहादुर भुजेल | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री चक्र बहादुर थापा | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री ठग बहादुर क्षेत्री थापा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री कृष्ण बहादुर थापा | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री केन्द्र बहादुर सुनार | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री बिमल श्रीस राना | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री सन्दिप थापा | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री श्रीप्रसाद थापा | |
| १३ | कार्यपालिका सदस्य | श्री भगवती शर्मा सापकोटा | |
| १४ | कार्यपालिका सदस्य | श्री चिन्तामणि दर्जी | |

CamScanner

| | | | |
|---|---|---|---|
| १५ | कार्यपालिका सदस्य | श्री दुर्गा देवी पाध्या | |
| १६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर परियार | |
| १७ | कार्यपालिका सदस्य | श्री भरत वि.क | |
| १८ | कार्यपालिका सदस्य | श्री शान्तकला शर्मा | |
| १९ | कार्यपालिका सदस्य | श्री गीता कुमारी वि.क | |
| २० | कार्यपालिका सदस्य | श्री शान्ती सुनार | |
| | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | श्रीकृष्ण पौडेल | |

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

## कार्यपालिका बैठक प्रस्ताव सूचि

मिति २०८३।२।१५ गते

बैठक संख्या ६०

समयः दिनको ११.०० बजे

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।

२. कुलतमा लागेका बालबालिकाको व्यवस्थापन सम्वन्धमा ।

३. विपद्को अवस्थामा आपतकालीन संरक्षण केन्द्र स्थापना, व्यवस्थापन सम्वन्धमा।

४. जैमिनी नगरपालिका पूर्ण खोप सुनिश्चितता दिगोपनाको घोषणा सम्वन्धमा ।

५. जैमिनी नगरपालिका बालश्रममुक्त, बालविवाहमुक्त, सडक बालबालिकामुक्त तथा बालमैत्री स्थानीय शासन युक्त नगरपालिका घोषणा सम्वन्धमा ।

६. बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणाको दिन स्थानीय विदा दिने सम्वन्धमा ।

७. बालमैत्री स्थानीय शासनको दिगोपना सुनिश्चितताका लागि प्रतिवद्धता सम्वन्धमा ।

८. बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा समारोहमा विविध व्यवस्थापन सम्वन्धमा ।

९. विविध ।

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

मिति २०८३।०२।१५ गते

# कार्यपालिका बैठक- ६०

## निर्णयहरु

निर्णय नं १

जैमिनी नगरपालिकालाइ बालमैत्री स्थानीय शासन युक्त नगरपालिका घोषाणा गर्ने जिम्मेवारी पुरा गर्न नीतिगत रुपमा अवलम्वन र सोको प्रकृयागत कार्य अगाडी बढाउन नगरपालिकाको मिति २०८०।२।१९ गतेको निर्णयअनुसारको प्रतिवद्धता बमोजिम कार्यान्वियनको अवस्था एवम हालसम्म भएका सम्पूर्ण उपलब्धीहरुको छलफल समिक्षा भइ मिति २०८२।२।१९ गतेको विशेष नगरसभाबाट निर्णय अनुसार नगरपालिका स्थितिपत्र वडागत सूचक प्रमणीकरणका कागजातहरु अध्ययन छलफल भइ बालमैत्री नगरपालिका घोषणाको लागि जि।स।स।, बागलुङबाट अनुमति प्राप्त भएको र कार्यपालिकाबाट समेत सबै वडा कार्यालयलाइ अनुमति दिए बमोजिम जैमिनी नगरपालिकाका सम्पूर्ण वडाहरु बालश्रममुक्त, सडकबालबालिकामुक्त, बालविवाहमुक्त एवम बालमैत्री स्थानीय शासन युक्त वडा घोषणा सम्पन्न भएको छन ।साथै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गणडकी प्रदेश सरकारको च।नं। १४६१,मिति २०८३।२।१५ गतेको पत्रानुसार बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को अनुसूची (२ को खण्ड ९ख० को बुँदा नं १० बमोजिम मिति २०८३।२।१४ को माननीय मुख्यमन्त्रीस्तर निर्णयानुसार बालमैत्री शासनयुक्त स्थानीयतह घोषणाको लागि अनुमति प्राप्त भएको छ ।

निर्णय नं २

जैमिनीनगरपालिकालाइ बालमैत्री स्थानीय शासन युक्त नगरपालिका घोषणा गर्ने सन्दर्भमा पालिका भित्र कुलतमा लागेका बालबालिका भेटिएमा सोको व्यवस्थापनका लागि बागलुङभित्र रहेका सुधार गृह वा पुनर्स्थापना केन्द्र, सम्बन्धित संघसंस्थासंग समन्वय र सम्झौता गरी संरक्षण गर्ने प्रतिवद्दताको निर्णय गरियो ।

निर्णय नं ३

जैमिनी नगरपालिकामा आईपर्नसक्ने विपदमा आपतकालीन आश्रय तथा संरक्षणका लागि देहायबमोजिम विद्यालयरस्थलहरु आपतकालीन संरक्षण केन्द्रको रुपमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीशेरा, बागलुङ २०७३

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

देह.य

मन्त्रिपरीषद्को कार्यालय जैमिनी नगरपालिका वडा नं. १, शान्ति मा।वि। कुश्मीसेरा ।

जैमिनी नगरपालिका वडा नं. २, सुन्तलाचौर मा.वि. दमेक ।

जैमिनी नगरपालिका वडा नं. ३, भरतपुरी मा.वि. दमेक।

जैमिनी नगरपालिका वडा नं. ४, जनता मा.वि. सर्कुवा ।

जैमिनी नगरपालिका वडा नं. ५, सर्वोदय जनक मा.वि. विनामारे ।

जैमिनी नगरपालिका वडा नं. ६, जनशिविक्षत मा.वि. अर्जेवा ।

जैमिनी नगरपालिका वडा नं. ७, संस्कृत मा.वि. वेलवगर ।

जैमिनी नगरपालिका वडा नं. ८, जनकल्याण मा.वि. छिस्ती ।

जैमिनी नगरपालिका वडा नं.९, जनता मा.वि. पैयुँ ।

जैमिनी नगरपालिका वडा नं. १०, राङखानी मा.वि., डाँडाखानी ।

निर्णय नं ४

जैमिनी नगरपालिकालाइ नेपालको संविधान २०७२, अनिवार्य तथा निशुल्क खोप ऐंन, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, पूर्ण खोप सुनिश्चितता दिगोपनाको पूर्ण खोप सुनिश्चितता निर्देशिका, २०७१, का आधारमा पूर्ण खोप सुनिश्चितता दिगोपनाको घोषणा निर्णय गरियो ।

निर्णय नं ५

जैमिनी नगरपालिकालाइ बालमैत्री स्थानीय शासन युक्त नगरपालिका घोषाणा गर्ने जिम्मेवारी पुरा गर्न नीतिगत रुपमा अवलम्वन र सोको प्रकृयागत कार्य अगाडी वढाउन नगरपालिकाको मिंति २०८०।२।१९ गतेको निर्णय अनुसारको प्रतिवद्धता वमोजिम हालसम्म भएका सम्पूर्ण उपलब्धीहरुको छलफल समिक्षा भइ मिति २०८२।२।१९ गतेको विशेष नगरसभाबाट निर्णय भएको, सबै वडाको अन्तिम सूचक मापन भई ५१ वटै सूचक पूरा भई सोको प्रमाणित हुनुका साथै प्रत्येक वडाबाट नगरपालिका मार्फत जि।स।स।द्वारा अनुगमन भइ अनुमति प्राप्त भएकोले जैमिनी नगरपालिका स्थित वडा नं १, २, ३, ४, ५, ६, ७, ८, ९, १० ९सबै वडाहरु० बालश्रममुक्त, सडक बालवालिकामुक्त, बालविवाहमुक्त एवम बालमैत्री स्थानीय शासन युक्त वडा २०८३।१।२७ घोषणा सम्पन्न भएको छ । यस परिवेशमा नगर घोषणाका लागि मु.यमन्त्री तथा गण्डकी प्रदेशबाट समेत

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

०८३।२ कृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अनुगमन भइ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गणडकी प्रदेश सरकारको च।नं। १४६१, मिति २०८३।२।१५ गतेको पत्रानुसार बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को अनुसूची (२ को खण्ड ९ख० को बुँदा नं १० बमोजिम मिति २०८३।२।१४ को माननीय मुख्यमन्त्रीस्तर निर्णयानुसार बालमैत्री शासनयुक्त स्थानीय तह घोषणाको लागि अनुमति प्राप्त भएकोले नगरस्तरीय बालमैत्री स्थानीय शासनयुक्त नगर समिति, बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा मूल समारोह समितिको सिफारिश समेतको आधार एवम नेपालको संविधान भाग ३ को मौलिक हक धारा ३९, स्थानीय सरकार संचालन ऐन २०७४, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८, घोषणा कार्यविधि २०७९, जैमिनी नगरपालिकाको बालबालिका सम्बन्धी नीति, निर्देशिका, कार्यविधि बमोजिम मिति २०८३।२।१८ गते माननिय मुख्यमन्त्री, गण्डकी प्रदेश सरकारको प्रमुख आतिथ्यतामा जैमिनी नगरपालिकालाइ बालश्रममुक्त, सडक बालबालिकामुक्त, बालविवाहमुक्त एवम बालमैत्री स्थानीय शासन युक्त नगरपालिका घोषणा गर्ने निर्णय गरियो।

निर्णय नं ६

जैमिनी नगरपालिकालाइ बालमैत्री स्थानीय शासन युक्त नगरपालिका घोषाणा गर्ने मिति २०८३।२।१८ गतेका दिन नगरपालिका भित्रका सम्पूर्ण वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु ृआकस्मिक एवम् बर्थिङ सेन्टरको सेवा बाहेक सार्वजनिक सेवा प्रवाहित रहने ब्यहोराको सूचना जारी गर्ने। साथै उक्त दिन नगरपालिका भित्रका सम्पूर्ण वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु पालिका भित्रका सम्पूर्ण सरकारी तथा गैरसरकारी संघ संस्थाहरु एवम सरोकारवाला निकायहरुमा जैमिनी नगरपालिकालाई बालमैत्री स्थानीय शासन युक्त नगरपालिका घोषाणा समारोहमा सहभागिताका लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ७

नगरपालिका स्थित सम्पूर्ण वडाहरु हाल बालमैत्री स्थानीय शासनका ५१ वटै सूचक प्राप्त गरी घोषणाको अन्तिम चरणमा पुगेको, वडाको अन्तिम प्रतिवेदन समेत तयार भएको, वडागत तथ्याङ्क सर्भे सहित नगरको एकिकृत स्थिति पत्र तयार भई स्विकृत एवम् सार्वजनिकिकरण भएको र वडा स्तरमा सरोकारवालाहरुमार्फत बालमैत्री स्थानीय शासनको घोषणा पश्चात्को दिगोपनका लागि रणनीतिहरु तय गरि एकिकृत रुपमा नगरस्तरमा समेत आ।व। २०८२।८३ देखि २०८६।८७ सम्मका लागि पञ्चवर्षिय रणनीतिक योजना तयार भएकोले आगामी वर्षहरुमा पनि बालमैत्री स्थानीय शासनको दिगोपना सुनिश्चितताका लागि प्रतिवद्धता गरी सोको निरन्तरता दिने गरि कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

नगर कार्यपालिकाको कार्यालय, जैमिनी नगरपालिका, कुश्मीसेरा, बागलुङ, २०७३

०८३।२।१५

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं। ८

जैमिनी नगरपालिकालाइ बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषाणा समारोह व्यवस्थापनका लागि जैमिनी नगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को स्वीकृत कार्यक्रम शिर्षकगत छलफल गरियो ।घोषणा कार्यक्रमको आवश्यकता बमोजिम एकीकृत शिर्षकहरुबाट घोषणा समारोह कार्यक्रमको आवश्यकता बमोजिम क्रियाकलाप तथा अनुमानित सहित क्रियाकलापहरु बाजागाजा, झाँकी प्रदर्शन, खादा, माला (५०० पिस), ब्यानर, मायाको चिनो, ताम्रपत्र, कदरपत्र छपाइ, फ्रेम, मन्चको मूल गेट, सडक बजारको उप गेटहरु, सहभागीहरुलाइ आवत जावत गर्न पालिका र १० वटा वडा यातायात खर्च, बालमैत्री नगरपालिका लोगो सहितको १५००० पानीको बोटल, साज सजावट सामाग्री, ८० जना क्षमताको मूल मञ्च, विद्यार्थी प्रतिभा प्रदर्शनी सहायक मन्च, दर्शक दृघाको लागी वाटर प्रुफ टेन्ट २००० जना क्षमता, बालमैत्री तथा शैक्षिक प्रदर्शनी, सचिवालय, हेल्पडेुस्क सहित जनप्रतिनिधी कर्मचारी रहने १६ वटा स्टलहरु, साउन्ड सिस्टम, टेन्ट, अतिथी, सहभागी खाजा ६००० जना, २०० विद्यार्थीलाइ यातायात खाना खाजा सहित ४ दिवशिय पिटी प्रशिक्षण सहित प्रदर्शनी, अतिथी खाना, खाजा आदि लगायतका क्रियाकलापहरु सन्चालन व्यवस्थापन गर्ने निर्णय गरियो।

०८३।२।१५

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नगर जैमिनी नगरपालिका
कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३